घरपझोङ गाउँपालिका

# गाउँसभाको सचिवालय

जोमसोम, मुस्ताङ

पत्र संख्या:२०८१/०८२
चलानी नं.

गण्डकी प्रदेश, नेपाल

## गाउँसभाको १६औं अधिबेशनको पहिलो बैठकको कार्यसूची

मितिः २०८२।३।१० गते, मंगलवार

समयः बिहान ८:००

| क.सं. | समय | कार्यसूची | प्रस्तुतकर्ता |
|---|---|---|---|
| १. | बिहान ८:०० | अध्यक्षले गाउँ सभाको १६औं अधिवेशन आह्वान गरेको पत्रको व्यहोरा सभामा वाचन गरेर जानकारी गराउने | सभाध्यक्ष श्री मोहनसिंह लालचन |
| २. | बिहान ८:१५ | अधिवेशनको सफलताको शुभकामना मन्तव्य | १. सदस्य श्री जैकला वि.क.<br>२. सदस्य श्री मणि वि.क.<br>३. सदस्य श्री कृष्ण प्रसाद थकाली |
| ३. | बिहान ८:२५ | विशिष्ट अतिथिको शुभकामना मन्तव्य | |
| ४. | बिहान ८:३५ | प्रमुख अतिथिको शुभकामना मन्तव्य | |
| ५. | बिहान ८:४५ | प्रमुख अतिथि र विशिष्ट अतिथिज्यूहरुलाई धन्यवाद प्रस्ताव | सभाध्यक्ष श्री मोहनसिंह लालचन |
| ६. | बिहान ८:५० | आर्थिक बर्ष २०८२।८३ को नीति तथा कार्यक्रम प्रस्तुती, छलफल र निर्णयार्थ पेश | सभाध्यक्ष श्री मोहनसिंह लालचन |
| ७. | बिहान ९:३० | आर्थिक बर्ष २०८२।८३ को आर्थिक विद्येयक, २०८२ र विनियोजन विद्येयक, २०८२ सभामा प्रस्तुत | उपाध्यक्ष श्री जमुना थापा मगर |
| ८. | बिहान १०:०० | गाउँ टोल सफा राख्ने समूहलाई सम्मान र पुरस्कार | सभाध्यक्ष श्री मोहन सिंह लालचन |
| ९. | बिहान १०:०५ | उच्च रकम करदाता सम्मान | सभाध्यक्ष श्री मोहन सिंह लालचन |
| १०. | बिहान १०:१० | पत्रकार सम्मान | सभाध्यक्ष श्री मोहन सिंह लालचन |
| ११. | बिहान १०:१५ | शोक प्रस्ताव | सभाध्यक्ष श्री मोहन सिंह लालचन |
| १२. | बिहान १०:२५ | बैठक समापन र अधिवेशन स्थगित | सभाध्यक्ष श्री मोहनसिंह लालचन |

अध्यक्ष


फोन नं. ०६९-४४००१६, email: gharapjhongrmunicpality@gmail.com. website: www.gharapjhongmun.gov.np

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

घरपझोङ गाउँपालिका

# गाउँसभाको १६औं अधिवेशनको पहिलो बैठकका निर्णयहरु

**कार्यसूची १ बमोजिमको निर्णय :-**

कार्यसूची १ बमोजिम सभाध्यक्ष श्री मोहन सिंह लालचनज्यूले गाउँसभाको १६औं अधिबेशन आह्वान गरेको पत्रको व्यहोरा वाचन गरी सभामा जानकारी गराउनु भयो ।

**कार्यसूची २ बमोजिमको निर्णय :-**

यस गाउँपालिकाको गाउँसभाको १६औं अधिवेशनमा गाउँसभा सदस्य श्री जैकला वि.क., श्री मणि वि.क. र श्री कृष्ण प्रसाद थकालीले अधिवेशनको सफलताको शुभकामना मन्तव्य दिनु भयो ।

**कार्यसूची ३ बमोजिमको निर्णय :-**

यस गाउँपालिकाको गाउँसभाको १६औं अधिवेशनमा विशिष्ट अतिथि प्रमुख जिल्ला अधिकारी श्री विष्णु प्रसाद भुसालज्यूले अधिवेशनको सफलताको शुभकामना मन्तव्य दिनु भयो ।

**कार्यसूची ४ बमोजिमको निर्णय :-**

यस गाउँपालिकाको गाउँसभाको १६औं अधिवेशनमा प्रमुख अतिथि जिल्ला समन्वय समिति, मुस्ताङका प्रमुख श्री माया गुरुङज्यूले अधिवेशनको सफलताको शुभकामना मन्तव्य दिनु भयो ।

**कार्यसूची ५ बमोजिमको निर्णय :-**

प्रमुख अतिथि जिल्ला समन्वय समिति, मुस्ताङका प्रमुख श्री माया गुरुङज्यू र विशिष्ट अतिथि प्रमुख जिल्ला अधिकारी श्री विष्णु प्रसाद भुसालज्यूले गाउँसभाको अधिवेशनमा दिनु भएको शुभकामना मन्तव्यको लागि सभाध्यक्षज्यूबाट धन्यवादको प्रस्ताव राख्नु भएकोमा सर्वसम्मतबाट स्वीकृत भयो ।

**कार्यसूची ६ बमोजिमको निर्णय :-**

गाउँसभाका सभाध्यक्ष श्री मोहन सिंह लालचनज्यूले आगामी आर्थिक बर्ष २०८२।८३ को घरपझोङ गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम, २०८२ गाउँसभामा प्रस्तुत गर्नु भयो । बार्षिक नीति तथा कार्यक्रम, २०८२ को समर्थनमा गाउँसभा सदस्य श्री भिषण थकालीले आफ्नो भनाईहरु राख्नु भयो । सभाध्यक्षज्यूबाट भनाई राख्नका लागि समय उपलब्ध गराउँदा अन्य सदस्यहरुबाट आफ्नो कुराहरु नराख्नु भएकोले गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम, २०८२ निर्णयार्थ पेश हुँदा सर्वसम्मतिले स्वीकृत भयो । गाउँपालिकाको आर्थिक बर्ष २०८२।८३ को बार्षिक नीति तथा कार्यक्रम, २०८२ को पूर्णपाठ तपसिल बमोजिम रहेको छ ।

अध्यक्ष

## आर्थिक बर्ष २०८२।८३ को नीति तथा कार्यक्रम

**सभाका सदस्यज्यूहरु,**

नेपालको संविधानमा निर्दिष्ट भए बमोजिम संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संघ, प्रदेश तथा स्थानीय तह गरी ३ तहको सरकार मध्ये हाम्रो यस घरपझोङ गाउँपालिकाले संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ द्वारा निर्देशित समयावधि भित्रनै बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुशी लागेको छ ।हाम्रो गाउँपालिकाको १६औं अधिवेशनको यो ऐतिहासिक र महत्वपूर्ण अवसरमा विकास र समृद्धिको सपना बोकेर जनताप्रति समर्पित भई सहभागी हुनुहुने प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, सभाका सम्पूर्ण सदस्यज्यूहरु, पत्रकार, कर्मचारी, आमा बुबा, दिदि बहिनी तथा दाजुभाईहरुलाई यस गरिमामय सभामा हार्दिक स्वागत गर्न चाहन्छु ।

आज देश संघियताको कार्यान्वयनमा रहँदा तिन तहका सरकारहरुमध्ये दैनिक रुपमा जनताको घर दैलोमा हाजिर हुने सरकारको रुपमा स्थानीय सरकार हो भन्ने प्रमाणित भइसकेको छ । जनताको प्रत्यक्ष निगरानी र नियन्त्रण रहनेगरी स्थानीय सरकारको काम कारवाही अगाडी बढीरहेको छ । आजको यस परिवर्तनको मुख्य श्रेय विभिन्न कालखण्डमा भएका जन आन्दोलन तथा राष्ट्रको लागि जीवन उत्सर्ग गर्ने शहिदहरु प्रति अर्पण गर्न चाहन्छु । यस परिप्रेक्ष्यमा देश संघीयता, धर्म निरपेक्षता, समावेशी समानुपातिक प्रणाली सहित सबै प्रकारका उत्पीडनको अन्त्य र सामाजिक न्याय सहित नागरिकको सार्वभौम अधिकारको निम्ति विभिन्न संघर्षमा जीवन उत्सर्ग गर्ने शहिदहरुलाई जतिसुकै सम्झना गरे पनि कम हुन्छ । मुलुकको आमूल परिवर्तनको नेतृत्व गर्नुहुने राजनीतिक नेतृत्व एवं आम जनसमुदायप्रति गाउँसभा मार्फत हार्दिक आभार सहित सम्मान व्यक्त गर्न चाहन्छु ।स्थानीय सरकार सञ्चालनको दोश्रो कार्यकाल एवं आठौं बर्ष पूरा भई नवौं बर्षमा प्रवेश गरेको यस महत्वपूर्ण घडीमा हामीले बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नु संघीयताको भावना र मर्मलाई आत्मसात गर्नु नै हो । नेपालको संघीयता सहकारितामूलक भएकोले तीन तहका सरकारहरुबीच सहअस्तित्व, सहकार्य तथा समन्वयलाई जोड दिंदै राष्ट्रिय तथा प्रादेशिक सोच, लक्ष्य र मापदण्ड बमोजिम नीति तर्जुमा गरी तालमेलका साथ अगाडी बढ्ने प्रतिवद्धता यस सम्मानित सभा मार्फत व्यक्त गर्न चाहन्छु । स्थानीय सरकारले गर्ने शासन अन्तर्गत सुशासन, गुणस्तरीय आधारभूत सेवा प्रवाहमा सबैको पहुँच, पूर्वाधार निर्माण, समावेशीकरण, लक्षित वर्ग र क्षेत्रको आर्थिक, सामाजिक समावेशीकरण, सामाजिक परिचालन, सहभागितामूलक योजना तथा विकास, जीविकोपार्जन एवं रोजगारी, सामाजिक सुरक्षा, सूचना प्रविधिमा सहज पहुँच, पर्यटन प्रवर्द्धन एवं इतिहास र संस्कृतिको संरक्षण लगायतका विषय भएकोले यसमा नै केन्द्रित हुनेगरी हाम्रो श्रोत तथा साधनले भ्याएसम्म नीति तथा कार्यक्रममा समेट्ने प्रयास गरिएको छ ।

हाम्रो गाउँपालिकाको सर्वाङ्गीण विकासको लागि हामी जनप्रतिनिधी एवं सम्पूर्ण कर्मचारीहरु सक्रिय र सहृदय पूर्वक एकताबद्ध भएर लागि परिरहेका छौं । यद्यपी नतिजाले छलाङ मार्न नसकेको वास्तविकता हामी माझ छँदैछ । भौगोलिक हिसावले दुर्गम हिमालपारीको जिल्लाको सदरमुकाममा

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

अवस्थित यस घरपझोङ गाउँपालिकामा रहेको कृषि र पर्यटनको संभाव्यतालाई थप उजागर गरी यहाँका नागरिकको जीवनस्तर थप मजबुत बनाउन अझै धेरै गर्न बाँकि नै छ ।

हामीले विशेषगरी कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासको लागि ५ वटै वडाहरुको गहिरो अध्ययन गरी दीर्घकालिन सोच सहितको योजना निर्माण गरी बढ्ने प्रयत्नमा छौं । हामी संग रहेका सम्भावना तथा अवसरहरुको सदुपयोग गर्दै दीर्घकालिन नीति तर्जुमा मार्फत लक्ष्य विहिन गन्तव्यको अन्त्य गर्दै निश्चित मार्गदर्शन तय गरी सोही बमोजिम अगाडी बढ्न पाइला अगाडी बढाइरहेका छौं । आवधिक योजना निर्माण, सडक गुरुयोजना निर्माण, भूमी वर्गीकरण, गाउँपालिकाको डिजिटल भिलेज प्रोफाइलको निर्माण जस्ता कार्यहरु सम्पन्न भइसकेका छन् भने मुख्य सम्भावना बोकेको पर्यटन क्षेत्रको विकास तथा प्रवर्द्धनलाई उच्च प्राथमिकतामा राख्दै विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै अईरहेका छौं ।

यी सम्पूर्ण परिप्रेक्ष्यमा आधारित रही अब म आगामी आर्थिक वर्ष २०८२।८३ का लागि बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधार सम्बन्धमा संक्षिप्त व्यहोरा प्रस्तुत गर्न चाहन्छु ।

- नेपालको संविधान,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ तथा नियमावली, २०७६
- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७
- स्थानीय तहको बार्षिक योजना तर्जुमा दिग्दर्शन, २०७८
- राष्ट्रिय, प्रदेश र स्थानीय नीति, आवधिक योजनाको सोच, लक्ष्य र उद्देश्य,
- दिगो विकासका लक्ष्य,
- घरपझोङ गाउँपालिकाका कानूनहरु लगायत प्रचलित कानूनी व्यवस्था,
- श्रोत तथा बजेट सीमा निर्धारण समितिको कूल बजेट सीमा तथा विषयगत सीमा निर्धारण,
- राजश्व परामर्श समितिको प्रतिवेदन र
- घरपझोङ गाउँपालिकाका विगत आर्थिक बर्षहरुको अनुभव, सकाई तथा वस्तुस्थिति ।

**सभाका सदस्यज्यूहरु,**

अब म विगत र चालु आ.ब. को हालसम्मका उपलब्धिहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गर्न कर्मचारी मित्रहरुलाई अनुमति दिन्छु ।

**सभाका सदस्यज्यूहरु,**

अब म आगामी आ.ब. २०८२।८३ का लागि प्रस्तावित क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## आर्थिक विकास

१. गाउँपालिकाको आर्थिक उपार्जनको मुख्य श्रोतको रुपमा रहेका स्याउ, आलु, उवा, गाँजर, रायो लगायतका अन्य तरकारीहरु स्वदेश तथा विदेशमा समेत प्रख्यात छन्। कृषि क्षेत्रको आधुनिकीकरण मार्फत कृषिको व्यवसायीकरण, यान्त्रीकरण, सिंचाई कुलो व्यवस्थापन, खेतीयोग्य जमिनमा तारबार लगायत पशुपालन व्यवसायको प्रबर्द्धनका लागि कार्यक्रमहरु ल्याइनेछ।

२. गाउँपालिका क्षेत्रमा उत्पादन हुने फलफूल तथा कृषि उपजहरुको सहज भण्डारण गरी तुलनात्मक रुपमा बजार मूल्य बढी हुने समयमा बिक्री वितरण गर्नको लागि आगामी आ.व.मा संघीय सरकारको सहयोगमा निर्माण गरिएको ग्रेडिङ मेसिन सहितको कोल्ड स्टोरहरु सञ्चालनमा ल्याईनेछ।

३. हाम्रो पहिचानको रुपमा रहेका जौ, ऊवा, फापर तथा तिते फापरजस्ता रैथाने बालीहरुको प्रवद्धन तथा उत्पादनमा बृद्धि गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु अघि बढाइनेछ ।

४. रैथाने बाली संरक्षणको लागि बाली बैंक, बिउ बैंकको व्यवस्थापनका लागि पहल गरिनेछ।

५. कृषि उत्पादनको आधारमा एक वडा एक कृषि उपजको हव (ब्रान्ड) वनाउन आवश्यक पहल गरिनेछ। साथै स्थानीय कृषि उत्पादन, उवावाट उत्पादित स्थानीय रक्सीलाई ब्रान्डिङ गर्न पहल गरिनेछ।

६. गाउँपालिका भित्र बालीनालीमा विषादी र रासायनिक मलको प्रयोगलाई क्रमशः न्यूनीकरण गर्दै लगिनेछ। प्राङ्गारिक मल तथा परम्परागत घरायसी किटनाशक औषधीको प्रयोग गरी अन्नवालीहरुको उत्पादन वृद्धिमा जोड दिइनेछ।

७. परम्परागत कृषि प्रणालीलाई व्यावसायिक बनाउँदै उत्पादकत्व अभिवृद्धि गरी कृषकहरुको जीवनस्तर सुधार्नका लागि विभिन्न कार्यक्रमहरु लागू गरिनेछ। खनिज तेल तथा स्याउ कार्टुनमा दिइँदै आएको साझेदारीमा आधारित अनुदानमा बृद्धि गरिनेछ ।

८. किसान सूचीकरण कार्यलाई प्रभावकारी बनाउदै किसान वर्गीकरण र परिचयपत्र वितरण कार्यक्रम सञ्चचालनमा ल्याइनेछ ।

९. गाउँपालिकामा आर्थिक आय आर्जनको महत्वपूर्ण श्रोतको रुपमा रहेको च्याङग्रा पालन तथा याक चौरी पालनलाई प्रोत्साहन गरिनेछ।

१०. होमस्टेका माध्यमबाट स्थानीय परिकार तथा रहनसहन र संस्कृतिको संरक्षण एवम् सम्बर्द्धन गर्न व्यवसायीहरुलाई प्रोत्साहित गर्ने नीति लिइनेछ। स्थानीय थकाली परिकारहरुको प्रचार प्रसार गरिनेछ। होमस्टे तथा होटल व्यवसायलाई सक्षम र प्रभावकारी बनाउन आवश्यकतामा आधारित कार्यक्रम सञ्चालन गरिनेछ ।स्थानीय उत्पादनको प्रचार प्रसार तथा बजारीकरणमा आवश्यक पहल गरिनेछ ।

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था.: २०७३

११. कृषकहरुमा परागसेचनको महत्व र मौरीको उपादेयता बोध गराउन मौरी पालन कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
१२. गाउँपालिका परिसरलाई फलफुल बगैचा व्यवस्थापन सहित आकर्षक बनाईने छ ।
१३. घरपझोङ गाउँपालिकाको विकासको मूख्य आधार मध्येको एक पर्यटन व्यवसाय नै हो। पर्यटन क्षेत्रको विकास, विस्तार, प्रवर्द्धन, नियमन र व्यवस्थापनका लागि पर्यटकहरुलाई पर्यटकीय गन्तव्य स्थल तथा उपलब्ध होटल व्यवसायहरुको बारेमा जानकारी दिने उद्देश्यका साथ आगामी आ.व.मा पर्यटन सूचना केन्द्र व्यवस्थित गरी प्रयोगमा ल्याईनेछ।
१४. थकाली सँस्कृति र परम्पराको संरक्षण र सम्बर्द्धन गर्नका लागि संघीय सरकार र गाउँपालिकाको संयुक्त लगानीमा निर्मित थकाली सङ्ग्रहालयलाई व्यवस्थित गरी पूर्ण रुपमा सञ्चालनमा ल्याइनेछ।
१५. गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा ल्याइएको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण कडीको रुपमा रहेको मुस्ताङ इको म्युजियमलाई अझ व्यवस्थित गरी पर्यटकहरुको आकर्षण क्षेत्रको रुपमा विकास गरिनेछ।
१६. ढुम्बा ताल, क्षमा ताल, मार्फा गाउँ, याकखर्क, छैरो गाउँ, चिमाङ गाउँ, ठिनी गाउँ तथा स्याङ गाउँहरुको प्राकृतिक सौन्दर्यताको प्रचार प्रसार गर्ने कार्यलाई जोड दिइनेछ। गाउँपालिकाको गौरवको रुपमा रहेको घरपझोङ किल्लालाई महत्वपूर्ण ऐतिहासिक तथा पर्यटकीय स्थलका रुपमा विकास गर्न कार्य आरम्भ गरिनेछ ।
१७. गाउँपालिकाको पहिचान अभिबृद्धि, असल अभ्यास आदान प्रदान, संस्कृतिको संरक्षण तथा पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुग्ने उद्देश्यका साथ चालु आ.ब. मा ललितपुर महानगरपालिका संग भगिनी सम्बन्ध कायम भैसकेको छ भने आगामी आ.ब.मा थप ४ वटा स्थानीय तहहरुसंग भगिनी सम्बन्ध कायम गरिनेछ ।
१८. विश्वमा एक मात्र शालीग्राम पाइने नदी कालीगण्डकीमा अवस्थित जोमसोम देखि मार्फा सम्मका ठुला आकारका शिलाहरुमा महत्वपूर्ण धार्मिक मूर्तिहरु निर्माण तथा गणेश मन्दिर परिसरको थप स्तरोन्नती गरी गाउँपालिकालाई धार्मिक पर्यटनसंग आबद्ध गरिनेछ ।
१९. स्थानीय पर्यटन प्रवर्द्धनको लागि विभिन्न सञ्चार माध्यम, संकेत चिन्ह, स्टिकर, ब्रोसर, सूचना पाटी लगायतको प्रयोग र विस्तार गरिनेछ ।
२०. गाउँपालिका क्षेत्रका सडक बत्ती तथा स्ट्रिप लाईटहरु थप व्यवस्थित गरी **"उज्यालो घरपझोङ"** नारालाई सार्थकता दिईनेछ ।
२१. गाउँपालिकाको पहिचान झल्काउन तथा पर्यटन प्रवर्द्धनमा थप प्रभावकिरता हासिल गर्न अंग्रेजी र नेपाली दुवै माध्यममा गाउँपालिकाका समग्र विशेषताहरु झल्किने गरी डकुमेन्ट्री तयार गरिनेछ ।
२२. नेपाल सरकारको एक स्थानीय तह एक उद्योग ग्राम कार्यक्रम अन्तर्गत उद्योग ग्राम स्थापना गर्नका लागि उपयुक्त स्थानको पहिचान गरी सो कार्य अगाडी बढाईनेछ।

अध्यक्ष

बरागुङ मुक्तिक्षेत्र गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

२३. गाउँपालिका क्षेत्रभित्र लघु उद्यम विकास कार्यक्रम मार्फत लक्षित वर्गलाई आयआर्जन र रोजगारी सिर्जना हुने कार्यक्रम सञ्चालन गरी थप प्रभावकारी बनाईनेछ।

२४. गाउँपालिका क्षेत्रभित्र रहेका सबैखाले व्यवसायीहरुलाई प्रोत्साहन गर्ने तथा सामानहरुको वैज्ञानिक मूल्य प्रणाली कायम गर्न लगाई सबै पसलहरुमा मुल्यसूची राख्ने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ । बजार अनुगमन कार्यलाई थप प्रभावकारी बनाईने छ ।

२५. स्वरोजगारी सिर्जना मार्फत युवा पलायनमा कमी ल्याउन स्थानीय नागरिकहरुलाई आवश्यकता बमोजिम विभिन्न सीपमूलक तालिमहरु प्रदान गरिनेछ ।

२६. गाउँपालिकाको समग्र आर्थिक विकासमा **"अध्यक्ष सँग जनता कार्यक्रम"** तथा **"उपाध्यक्ष सँग जनता कार्यक्रम"** सञ्चालन मार्फत आवश्यक कृयाकलापहरु गरिनेछ ।

२७. भरसक बैदेशिक रोजगारीमा नजाऔं, जानै पर्ने भए सीप सिकेर र आवश्यक जानकारी लिएर मात्र जाऔं भन्ने अभियान सञ्चालन गरिनेछ ।

२८. न्युनतम् रोजगारीको अवसर प्रदान गर्ने संघीय सरकारको नीतिलाई निरन्तरता दिंदै आगामी आ.ब.मा गाउँपालिकाको साझेदारी कार्यक्रम संग आवद्ध गरिनेछ ।

२९. गाउँपालिका क्षेत्रमा रहेका सहकारीहरुको दर्ता तथा नवीकरणका कार्यहरु व्यवस्थित गरिनेछ। सबै सहकारी संस्थाहरुको विवरणलाई अनलाईन प्रविधिमा आधारित बनाउन क्षमता विकास गरी COPOMIS लाई अनिवार्य गराइनेछ ।साथै अनुगमन कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

३०. क्रियाशील सहकारी संस्थाहरुको कार्यालय व्यवस्थापनमा आवश्यक साझेदारी र सहयोग गरिनेछ ।सहकारी शिक्षा प्रदान गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

**सभाका सदस्यज्यूहरु**

अब म आगामी आर्थिक वर्षका लागि **सामाजिक विकास तर्फको** नीति तथा कार्यक्रमहरुलाई यस गरिमामय गाउँ सभाको बैठकमा प्रस्तुत गर्न चाहन्छु ।

**सामाजिक विकास**

३१. स्वास्थ्य नै जीवन हो भन्ने अवधारणालाई आत्मसात गर्दै नागरिकको स्वास्थ्य सुदृढ बनाउने कार्यक्रमहरुलाई केन्द्रित गरिनेछ ।आगामी आर्थिक वर्षमा पनि विगत वर्षहरुमा जस्तै नागरिकहरुलाई शारीरिक, मानसिक तथा सामाजिक रुपमा स्वस्थ रहन सहयोग पुग्ने कार्यक्रमहरुको कार्यान्वयन गरिनेछ। यसका लागि प्रदेश तथा संघीय सरकारबाट घोषित कार्यक्रमहरु समेत समावेश हुनेछन् ।

३२. सबै स्वास्थ्य संस्थाहरुको सुदृढिकरणको लागि कार्यक्रमहरु ल्याइनेछ । मार्फा स्वास्थ्य चौकीमा सञ्चालित प्रयोगशाला (ल्याव)लाई थप व्यवस्थित गरी स्वास्थ्य सेवालाई प्रभावकारी बनाईनेछ।

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

३३. स्वास्थ्य संस्थाहरुमा औषधीको उपलब्धता सुनिश्चित गरिनेछ । स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिहरुलाई आवश्यकता बमोजिमका तालिम कार्यक्रमहरुको व्यवस्था गरिनेछ। घरपझोङवासी नागरिकहरुको लागि जनस्वास्थ्य क्षेत्रमा कुनैपनि रिक्तताको महशुस नहुनेगरी कार्यक्रमहरु एकीकृत रुपमा लागू गरिनेछ । यसको लागि गैर सरकारी संस्थाहरुसंगको समन्वयमा समेत कार्यक्रम सञ्चालन गरिनेछ ।

३४. दिगो विकास लक्ष्य अनुरुप सबै उमेर समुहका नागरिकहरुको स्वास्थ्य प्रति संवेदनशील हुँदै समयमै रोग पहिचान गरी व्यवस्थापनमा सहयोग गर्न **"उपाध्यक्षसँग वृहत स्वास्थ्य शिविर"** कार्यक्रमलाई अझ विस्तारित रुपमा निरन्तरता दिइनेछ ।

३५. सुत्केरी महिलाहरुलाई संघीय सरकारबाट प्रदान गरिदै आएको यातायात खर्चमा गाउँपालिकाले थप पौष्टिक आहार खर्च प्रदान गर्दै आएकोमा सो कार्यक्रमलाई आगामी वर्षमा पनि निरन्तरता दिइनेछ । गर्भवती महिलाहरुको नियमित स्वास्थ्य परीक्षण गराउने तथा शून्य होम डेलिभरीको अवधारणा अनुरुप स्वास्थ्य संस्थामा नै प्रसूति गराउन थप पहल गरिनेछ ।

३६. सुनौलो हजार दिन कार्यक्रम, पूर्ण खोप दिगोपन सुनिश्चितता तथा गाउँघर क्लिनिक कार्यक्रमलाई थप प्रभावकारिता सहित निरन्तरता दिइनेछ । आगामी आ.ब. देखि ग्रामिण अल्ट्रासाउण्ड सेवा समेत विस्तार गरिनेछ ।

३७. मार्फा स्वास्थ्य चौकीबाट २४ घण्टे सेवा प्रवाहको लागि स्वास्थ्यकर्मी प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३८. महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई सूचना प्रवाहमा सहजता प्रदान गर्न सूचना प्रविधि सँग आवद्ध गरिनेछ । महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई हौसला प्रदान गर्न थप प्रोत्साहनको व्यवस्था गरिनेछ ।

३९. पोषण कर्नर तथा स्तनपान् कक्षको व्यवस्थापनलाई विस्तार गरिनेछ ।

४०. गाउँपालिकामा रहेको एम्बुलेन्समा समस्या देखिंदा सेवा प्रवाहमा कठिनाई महशुस भएको हुँदा नयाँ एम्बुलेन्स व्यवस्थापनको लागि तत्काल पहल गरिनेछ ।

४१. प्रदेश अस्पतालमा प्रदान गरिदैं आएको फार्मेसी सहायक व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिंदै आगामी आ.ब. देखि गुणस्तरीय चिकित्सक सेवा प्रवाहलाई सहज बनाउन कार्यविधि निमार्ण गरी प्रदेश अस्पतालमा डाक्टरको लागि प्रोत्साहन कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

४२. नागरिकहरुमा उत्पन्न हुन सक्ने मानसिक समस्याहरुको निदान तथा उपचार र मनोसामाजिक परामर्शमा जोड दिइनेछ ।

४३. दलित, अपाङ्गता भएका व्यक्ति, विपन्न नागरिक तथा महिला स्वास्थ्य स्वयम सेविकाहरुलाई प्रदान हुँदै आएको स्वास्थ्य बिमा प्रिमियम भुक्तानीलाई निरन्तरता दिईनेछ ।

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

४४. नागरिकहरुलाई शारिरिक तन्दुरुस्ती तथा स्वस्थ जीवनशैली अवलम्वन गर्न जागरुक गराउने उद्देश्य सहित गाउँपालिकाका सम्पूर्ण वडाहरुमा खुल्ला व्यायमशाला व्यवस्थापन गर्ने कार्यक्रम अघि बढाइनेछ ।आवश्यकता अनुरुप विभिन्न स्वास्थ्य सचेतना कार्यक्रम तथा योग-ध्यान शिविर समेत सञ्चालन गरिनेछ ।

४५. ऐतिहासिक लोक संस्कृतिको प्रतिरुप स्थानीय भाषा, लोक बाजा, लोक भाका तथा नृत्यहरु, खिला, फाला, त्युङ्ला, तेर्मी, बुद्ध जयन्ती, धैक्याप (देव नाच) तथा तोरन्ल्ह लगायतका स्थानीय पर्व र धर्मको संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४६. गाउँपालिकामा रहेका सबै किसिमका विद्यालयहरुको प्रभावकारी व्यवस्थापनमा गाउँपालिकाले सहयोग गर्ने नीति लिनेछ। माध्यमिक तहसम्मका विद्यालयहरुको प्रभावकारी व्यवस्थापनका लागि संघीय शिक्षा ऐन अनुरुप स्थानीय शिक्षा ऐन परिमार्जन तथा स्थानीय शिक्षा नियमावली तयार गरी लागू गरिनेछ।

४७. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ। संस्थागत विद्यालय तथा सामुदायिक विद्यालयहरुलाई समन्वयात्मक रुपमा अगाडि बढाउन असल अभ्यासहरुको आदान प्रदान गर्ने नीति तथा कार्यक्रमहरु लागू गरिनेछ। प्रत्येक सामुदायिक विद्यालयहरुमा प्रविधि मैत्री शिक्षा तथा बालमैत्री शिक्षामा जोड दिइनेछ । बालमैत्री स्थानीय शासन घोषणको लक्ष्य अनुरुप सूचकमा आधारित कार्यक्रमहरुलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।

४८. गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत गरिव, दलित, जेहेन्दार विद्यार्थी तथा धौलागिरी प्राविधिक शिक्षालयमा अध्ययनरत विधार्थीहरुलाई दिईदैं आएको स्थानीय छात्रवृति कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४९. गाउँपालिका भित्रका गरिब, दलित तथा पिछडिएका बर्गहरुका लागि प्राविधिक तथा ब्यावसायिक शिक्षाको ब्यवस्था गरिने छ । यसका लागि जनहित माध्यमिक विद्यालयको प्राविधिक धारको शिक्षालाई थप ब्यवस्थित बनाउदै लगिने छ।

५०. शिक्षाको गुणस्तर अभिबृद्धि गर्न सबै विद्यालयहरुको शैक्षिक तथा भौतिक पूर्बाधारमा गुणात्मक रुपमा सुधार गर्दै लगिने छ।

५१. संघीय सरकारबाट सञ्चालित विद्यालयमा दिवा खाजा कार्यक्रमलाई थप ब्यवस्थित र प्रभावकारी बनाउन उक्त कार्यक्रममा गाउँपालिकाको तर्फबाट थप बजेटको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

५२. विद्यालयहरुलाई स्थानीय भाषा, संस्कृति लगायत गाउँपालिकाको क्षेत्रमा विविध विषयहरुमा परिचित गराउन आगामी बर्षमा कक्षा ५ सम्म स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

५३. हरेक विद्यालयहरुले शैक्षिक वर्षको अन्तिममा “आन्तरिक मूल्यांकन प्रतिवेदन” निर्माण गरि सार्वजनिक गर्ने व्यवस्था गरिने छ ।

घरपझोङ गाउँपालिका गाउँ सभाको सचिवालय जोमसोम, मुस्ताङ स्था: २०७३

५४. **"एक विद्यालय एक विशेष सक्षमता"** कार्यक्रमको कार्यविधि निर्माण गरि लागू गरिने छ ।

५५. आधारभुत शिक्षा पश्चात विद्यालय शिक्षाबाट वञ्चित भएका बालबालिकाहरुको लागि व्यवसायिक तथा सिपमूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

५६. यूवाहरुलाई स्वास्थ्य र तन्दुरुस्त बनाउन तथा खेलकुद प्रति अभिरुची बढाउन **"अध्यक्ष कप खेलकुद कार्यक्रम"** लाई निरन्तरता दिइनेछ ।

५७. शिक्षाको गुणस्तर अभिबृद्धि गर्न तथा समयानुकूल व्यवस्थापन गर्न गाउँपालिकाको शिक्षा समितिलाई अझ क्रियाशील बनाइनेछ ।

५८. चालु आ.व. जस्तै आगामी आ.व.मा पनि यस गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुवाट २०८१ को SEE मा साधारण र प्राविधिक धार तर्फका उत्कृष्ट छात्र, छात्रा १/१ जना गरि जम्मा ४ जनालाई पुरस्कृत गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५९. स्थानीय विकास निर्माणका कार्यक्रमहरुमा महिलाहरुको मात्र सहभागिता भएका केही उपभोक्ता समिति गठन गरी नमूनाका रुपमा आयोजना कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता प्रदान गरिनेछ। यस्ता कार्यहरुले महिलालाई थप प्रोत्साहित गर्नेछ र आगामी दिनहरुमा थप महिलामैत्री कार्यक्रमहरु कार्यान्वयनमा ल्याइनेछ ।प्रत्येक वडा समितिबाट महिलाहरुको नेतृत्वमा योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

६०. स्थानीय सामाजिक सुरक्षा कोषबाट विपन्न विरामीहरुको लागि उपचार खर्च वापत आर्थिक सहयोग उपलब्ध गराउने कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

६१. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, अन्तराष्ट्रिय महिला दिवस, बाल दिवस जस्ता महत्वपूर्ण दिवसहरुलाई प्रभावकारी रुपमा मनाइनेछ।यसबाट महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई थप शसक्तिकरण गर्न टेवा पुग्नेछ ।

६२. बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका निर्माणको लक्ष्य हासिल गर्न बालबालिका सम्बन्धी स्थितिपत्र तयारी र प्रकाशन गर्ने, बाल श्रमिकहरुको तथ्याङ्क संकलन तथा अनुगमन र बालश्रम मुक्त स्टिकर टाँस गर्ने, स्थानीय बाल कोषमा रकम बृद्धि, स्यानीटरी प्याड डिस्पोजल व्यवस्थापन गर्ने जस्ता कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याई आगामी आ.ब. २०८३, आषाढ मसान्तसम्म गाउँपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गरिनेछ ।

**सभाका सदस्यज्यूहरु**

अव म आगामी आर्थिक वर्ष यस गाँउपालिकाले **पूर्वाधार विकास तर्फ** अंगीकार गर्ने नीति तथा कार्यक्रमहरुलाई प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**पूर्वाधार विकास**

अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

६३. रु ५ लाख सम्मका आयोजनाहरुलाई मंसिर मसान्तभित्र र ५ लाख भन्दा माथिका आयोजनाहरुलाई आर्थिक बर्षको जेष्ठ मसान्तभित्र सम्पन्न गरिसक्ने नीतिलाई आगामी बर्षमा पनि निरन्तरता दिइनेछ ।

६४. उपभोक्ता समिति मार्फत सञ्चालन हुने विकास आयोजनामा उपभोक्ताहरुलाई सहजीकरण गर्ने उद्देश्यले जनश्रमदानको हिस्सालाई १०% कायम गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

६५. साना-साना टुक्रे विकास आयोजनाहरुलाई निरुत्साहित गर्दै दीर्घकालिन र रणनीतिक महत्वका आयोजनाहरुलाई प्राथमिकता दिइनेछ ।

६६. नयाँ ट्र्याक खोल्ने योजनालाई भन्दा ट्र्याक खोलीसकेका सडकहरुको स्तरोन्नतिमा विशेष पहल गरिनेछ ।

६७. गाउँपालिका भित्र अत्यावश्यक सामुदायिक भवनहरु निर्माण सम्पन्न भइसकेको निष्कर्ष सहित नयाँ भवनहरु निर्माणको कार्यलाई न्यून प्राथमिकतामा राखिनेछ ।

६८. निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभारमा आवश्यक पहल गरिनेछ ।

६९. सडकको गुरुयोजना तथा आवश्यकता अनुसार पूर्वाधारको डि.पि.आर.(DPR) तयार गरी पूर्वाधार निर्माणलाई व्यविस्थत गरिनेछ ।

७०. रु.५ लाख भन्दा बढि लागतका आयोजनाहरुमा आयोजना सूचना पाटी अनिवार्य राख्नुपर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

७१. उपभोक्ता समितिवाट सञ्चालन हुने योजनाहरुवाट १ प्रतिशत रकम कटौती गरी मर्मत संभार कोषको व्यवस्थालाई आगामी आ.व.मा पनि निरन्तरता दिइनेछ ।

७२. सबै ग्रामीण सडकहरुको दिगो रुपमा व्यवस्थापन गर्ने नीति लिइनेछ। गाउँपालिका भएर जाने बेनी-जोमसोम-कोरला सडकको सम्पूर्ण भाग कालोपत्रे तथा पक्की बनाउन सम्बन्धित सरोकारवाला निकायहरु सँग आवश्यक समन्वय गरी निर्माण कार्यलाई गतिशीलता प्रदान गरिनेछ।

७३. मार्फा छैरो जोड्ने बेली बृज मार्फत यातायात सुचारु गरिनेछ ।

७४. गाउँपालिकाको मुख्य पेशाको रुपमा रहेको कृषि पेशालाई समुन्नत बनाउन सिँचाईलाई प्राथमिकतामा राखिने छ। स्याउ तथा अन्य वालीहरुका लागि सिँचाई अनिवार्य सर्त हो। त्यसैले गाउँपालिका क्षेत्रभित्र सिँचाई पूर्वाधार विकासमा विशेष जोड दिइनेछ। सबै परम्परागत कुलोहरुको मर्मतमा विशेष ध्यान दिइनेछ। सबै खेतीयोग्य जमिनमा सिँचाई सुविधा पुर्याउने स्थानीय सरकारको नीति रहनेछ।

७५. गाउँपालिकाका परम्परागत घरहरुलाई संरक्षण गर्दै नयाँ घरहरुका लागि अनुमति दिने स्थानीय सरकारको नीति रहनेछ। नयाँ घरहरु निर्माण गर्दा भवन निर्माण सम्बन्धी नेपाल सरकारको मापदण्ड तथा यस गाउँपालिकाको नक्सापास सम्बन्धि मापदण्ड, २०७५ को अवलम्बन गर्ने नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ। गाउँपालिका भित्र रहेका पुराना

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

घरहरुका लागि घर नम्वर प्रदान गरी अभिलेखिकरण गर्ने कार्यलाई निरन्तरता दिई आगामी आ.व. देखी नयाँ बनाउने घरधनीहरुले अनिवार्य रुपमा नक्सा पास गर्नु पर्ने व्यवस्थालाई अझ कडाइका साथ लागू गरिनेछ।

७६. गाउँपालिका क्षेत्रभित्र निरन्तर चलिरहने हावाका कारण अव्यवस्थित रुपमा रहेका विजुलीका तारवाट आउने सक्ने जोखिमपूर्ण अवस्थालाई मध्यनजर गर्दै विजुलीका तारहरुलाई व्यवस्थित गर्न आवश्यक पहल गरिनेछ ।

७७. उर्जा प्रभावकारी भवन निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

७८. योजनावद्ध विकास प्रयासले मात्र अपेक्षित उद्देश्यहरु हासिल गर्न सकिने हुँदा उपलब्ध स्रोत साधनको अधिकतम् उपयोग गर्दै गाउँपालिकाको समग्र विकासलाई प्रभावकारी बनाउन पञ्चबर्षीय आवधिक योजना बमोजिम कार्यक्रम अघि बढाइनेछ ।

७९. कैसाङ खोला-ठिनी-जोमसोम सिचाई आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) बमोजिम कार्य अगाडी बढाउन संघ तथा प्रदेश सरकार संग आवश्यक समन्वय गरिनेछ । साथै उक्त आयोजनालाई जलविद्युत उत्पादन संग समेत आवद्ध गर्न पहल गरिनेछ ।

८०. समय समयमा अत्यावश्यक देखिने पूर्वाधारहरुको निर्माण तथा मर्मत सम्भारको लागि छुट्टै बजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याइनेछ ।

८१. पूर्वाधारहरुको निर्माणमा स्थानीय नागरिकहरुको समेत अपनत्व र साझेदारी .अवधारणा अनुरुप नागरिकहरुको साझेदारीमा कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

८२. गाउँपालिका भवनमा एक उर्जामैत्री र विशिष्ट बैठक कक्षको व्यवस्थापन गरिनेछ ।

८३. गाउँपालिकामा आइपर्न सक्ने विपद्को सामना तथा निर्माण कार्यलाई सहजता प्रदान गर्न निर्माण सामाग्रीहरुको व्यवस्थापनमा पहल गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्षका लागि **वातावरण तथा विपद् व्यवस्थापनका** क्षेत्रमा अंगिकार गरिने नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु।

**वातावरण तथा विपद् व्यवस्थापन**

८४. गाउँपालिका क्षेत्रमा पाइने जैविक विविधताको संरक्षणमा विशेष जोड दिइनेछ। नाङ्गा भू-भाग तथा मूल बाटोको दायाँ बायाँ वृक्षारोपण गर्ने तथा कालीगण्डकीको कटान न्यूनीकरणका लागि संघीय तथा प्रदेश सरकारको सहयोगमा कार्यक्रम अगाडि बढाइनेछ।

८५. जलवायु परिवर्तनबाट श्रृजित समस्याहरुको न्यूनीकरणका लागि जनचेतना अभिवृद्धिका कार्यक्रमहरु तय गरी लागू गरिनेछ । मुस्ताङ जिल्लामा परेको जलवायु परिवर्तनलाई ध्यानाकर्षण गराउने उद्देश्यले ७५३ वटै स्थानीय तहका प्रमुखहरुको वातावरण तथा जलवायु परिवर्तन सम्मेलन आयोजना गरिनेछ ।

अध्यक्ष

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

८६. जल उत्पन्न प्रकोप नियन्त्रण कार्यका लागि विपद् व्यवस्थापन कोष तथा आकस्मिक कोषको व्यवस्था गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

८७. गाउँपालिका क्षेत्रभित्र विपदबाट हुने जनधनको क्षति न्यूनीकरण गरी विपद व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाउन स्थानीय विपद जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना र विपद पूर्व तयारी तथा प्रतिकार्य योजना तयार गरी लागू गरिनेछ।साथै विपद् व्यवस्थापनमा आवश्यक भौतिक सामाग्रीहरुको व्यवस्थापनमा थप पहल गरिनेछ ।

८८. विपद व्यवस्थापन अन्तर्गत पूर्व तयारी एवम् विपदको वेला तथ्याङ्क संकलन गर्ने, अधावधिक गर्ने र सम्भावित विपद, प्रकोप, सङ्कटासन्न समुदाय र उद्वार सामग्रीको उपलब्धता जस्ता विषयमा आवश्यक जानकारी संकलन गरी विपद व्यवस्थापनको कार्यलाई पूर्ण रुपले प्रभावकारी वनाउन स्थानीय आपतकालीन कार्यसंचालन केन्द्रलाई थप प्रभावकारी बनाइनेछ ।

८९. जिल्ला विपद् व्यवस्थापन समितिसँगको सहकार्यमा आवश्यक निर्णय लिई विपद् सम्भावित क्षेत्रहरुमा आउनसक्ने विपद्लाई न्यूनिकरण गरिनेछ । यस्ता क्षेत्रहरुलाई व्यवस्थित गरि गाउँपालिकाको आन्तरिक आय बृद्धिमा जोडिनेछ ।

९०. "स्वच्छ सफा सुन्दर घरपझोङ"को अवधारणा सहित स्थानीय नागरिकहरुको सहकार्यमा सरसफाई अभियान सञ्चालन गरिनेछ ।विभिन्न नागरिक सचेतना कार्यक्रहरु समेत सञ्चालन गरिनेछ ।

९१. फोहरमैला व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखी कुहिने र नकुहिने फोहरको छुट्टाछट्टै व्यवस्थापन गरिनेछ । यसको लागि आवश्यकता अनुसार अन्य कार्यालय तथा संघ/संस्थाहरुसंग समेत सहकार्य गरिनेछ । बोतल, बोरा व्यवस्थापन तथा फोहरमैला प्याकेटिङ कार्यक्रम सञ्चालन गरिनेछ र गाउँटोल सफा राख्ने स्थानीय समुहलाई पुरस्कृत गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

९२. सम्भावित विपद्लाई मध्यनजर गरी आवश्यक पर्ने ग्याविन बक्स तथा तारजाली खरिद गरी तयारी अवस्थामा राखिनेछ ।

९३. शिसाको बियर बोत्तल प्रयोग तथा ४० माइक्रोन भन्दा कमको प्लाष्टिक प्रयोगलाई निषेध गर्ने नीतिलाई थप कडाईका साथ लागु गरिनेछ । साथै पुनः प्रयोग गर्न मिल्ने वातावरण मैत्री झोला प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

९४. जथाभावी फोहर फाल्न निषेध गर्ने र फालेको थाहा पाएमा तत्काल स्थानीय कानून बमोजिम कारवाही गर्ने व्यवस्थालाई कडाइका साथ लागु गरिनेछ ।

**सभा सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्षका लागि **संस्थागत विकास, सेवा प्रवाह तथा सुशासनका क्षेत्रमा** गाउँपालिकाले अंगिकार गर्ने नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

अध्यक्ष

थरपफ्रोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

<u>संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन</u>

९५. जनप्रतिनिधीहरु तथा कर्मचारीहरुलाई समय सापेक्ष सीप विकास तथा सूचना प्रविधिको प्रयोग सम्बन्धमा प्रशिक्षित हुने उपयुक्त कार्यक्रमहरुको व्यवस्था गरिनेछ। विभिन्न सरकारी कामकाज सम्बन्धी विद्यमान नीतिगत तथा कार्यसम्पादन सम्बन्धी प्रशिक्षण कार्यक्रमहरुको कार्यान्वयन गरिनेछ।

९६. नागरिकको लागि सेवा प्रवाह गर्ने कर्मचारी संयन्त्रको क्षमता अभिवृद्धि गरी कार्यसम्पादनलाई चुस्त दुरुस्त बनाइनेछ ।जनप्रतिनिधि र कर्मचारीहरुको समयानुकुल क्षमता तथा दक्षता अभिवृद्धि गर्न तालिम, अन्तरपालिका असल अभ्यास तथा अनुभव आदानप्रदान गरिनेछ ।

९७. कर्मचारीहरुको उत्प्रेरणा अभिवृद्धि गराउने, मनोबल उच्च पार्ने र त्यसको माध्यमबाट सेवाप्रवाहमा प्रभावकारिता ल्याउनका लागि कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली अवलम्बन गरिनेछ। अतिरिक्त समयमा कार्यालयमा काम गरे बापत कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता लागू गर्ने सम्बन्धी कार्यविधिलाई थप वैज्ञानिक बनाईनेछ।

९८. सबै वडा कार्यालयहरुमा आवश्यक फर्निचर तथा विद्यूतीय सामाग्रीहरुको अपुग नहुने गरी प्रवन्ध गरिनेछ। अधिकांश वडा कार्यालयहरुको आफ्नै भवन बनिसकेको अवस्थामा सबै वडाहरुमा नागरिक वडापत्र बमोजिम सेवा प्रवाह गर्ने कार्यलाई थप प्रभावकारी बनाईनेछ।

९९. गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था तथा विद्यालयहरुलाई थप सूचना प्रविधियुक्त बनाई सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ ।कर्मचारीहरुको विद्युतिय हाजिरीलाई व्यवस्थित गरिनेछ ।

१००. सबै वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुलाई गाउँ कार्यपालिकाको कार्यालयसँग विद्युतीय सूचना प्रविधिबाट जोडिएको छ। गाउँ कार्यपालिकाको कार्यालयबाट सोझै वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुलाई समन्वय गर्न सकिने व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।

१०१. गाउँपालिकाद्वारा विनियोजन गरिएको बजेटको अधिकतम् उपयोग हुने प्रवन्ध गरिनेछ। आयोजना तथा कार्यक्रम कार्यान्वयनमा मितव्ययिता कायम गरिनेछ। सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, आयोजना स्थलमा होडिङ बोर्ड राख्ने जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग अनिवार्य गरी सुशासन प्रवर्द्धन गरिनेछ।

१०२. सुशासन सम्बन्धित नीतिहरुको कार्यान्वयनका लागि आवश्यकता अनुसार कानून बनाई लागू गरिनेछ। यसका लागि संघ र प्रदेश सरकारसँग आवश्यकता अनुसार समन्वय र सहकार्य गरिनेछ। मुस्ताङ जिल्लाका गाउँपालिकाहरु बिच अन्तरपालिका बैठकको आयोजना गरी एक आपसमा अनुभव एवम् असल अभ्यास आदानप्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१०३. गाउँपालिका क्षेत्रभित्र सवारी साधन पार्किङ व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।

अध्यक्ष

घरपफोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

१०४. आन्तरिक आयको दायरा विस्तार गर्न व्यवसायिक भवन निर्माण, पर्यटकीय स्थलहरुको व्यवस्थापन लगायतका कार्यहरुमा विशेष पहल गरिनेछ । गाउँपालिका मातहतका खाली भवनहरुलाई भाडामा लगाई आन्तरिक आय वृद्धि गरिनेछ ।

१०५. चालु खर्चलाई मितव्ययी बनाउँदै पूँजीगत खर्च वृद्धिमा थप जोड दिइनेछ । राजश्व संकलन तथा भुक्तानी प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

१०६. न्यायिक समितिको कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ । प्रत्येक वडा कार्यालयमा मेलमिलाप केन्द्र व्यवस्थापन र सञ्चालन गरिनेछ ।

१०७. विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवसहरुलाई प्रभावकारी रुपमा मनाई जनचेतना विस्तार गरिनेछ ।

१०८. नागरिकका मौलिक हकहरुको संरक्षण तथा कालाबजारी नियन्त्रण गर्न बजार अनुगमनलाई थप तिव्रता दिई प्रभावकारी बनाइनेछ ।

१०९. नगर प्रहरीको परिचालन गरी बसपार्क व्यवस्थापन, ट्रफिक व्यवस्थापन, फोहरमैला व्यवस्थापन जस्ता कार्यहरुलाई थप प्रभावकारी बनाइनेछ ।

११०. गाउँपालिकामा आवेदन पेश गर्नुहुने भूमिहिन दलित, भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरुको समस्या समाधान गर्न विशेष पहल गरिनेछ । भूमिहिन दलित तथा भूमिहिन सुकुम्वासीहरुलाई आगामी आ.ब. मा नै पूर्जा वितरण गरिसक्ने लक्ष्यका साथ कार्यक्रम अघि बढाइनेछ ।

१११. आगामी आर्थिक वर्षमा आर्थिक कारोवारहरुलाई थप डिजिटल र प्रविधीमैत्री बनाउनको लागि सबै वडा कार्यालयहरुमा सुत्र सफ्टवयर (SUTRA Software) मार्फत राजस्व संकलन गरिनेछ। साथै आन्तरिक श्रोत बृद्धि गर्नको लागि राजस्वका नयाँ श्रोतहरु पहिचान गरिनेछ।

११२. विगतका आर्थिक बर्षहरुबाटै बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण भैरहेको अवस्थामा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको लागि थप सहज तरिकाले भत्ता वितरण गर्न आवश्यक सहजीकरण गरिनेछ । सामाजिक सुरक्षा लाभग्राहीहरुलाई बायोमेट्रिक प्रणालीमा आवद्ध गरिनेछ ।

११३. आन्तरिक राजश्व परिचालनमा सुधार ल्याउनको लागि राजस्व सुधारका क्रियाकलापहरु पहिचान गरी राजस्वका सम्भाव्य क्षेत्रहरुको खोजी गर्ने एवम् राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरु पहिचान गर्ने गरी कार्यान्वयनमा ल्याइनेछ।

११४. धेरै चहलपहल हुने बजार क्षेत्रका गतिविधिलाई निगरानी गर्ने उद्देश्यले जडान गरिएको सि.सि.टि.भी. (CCTV) हरुको प्रभावकारी उपयोगमा जोड दिइनेछ। साथै आवश्यक स्थानहरुमा सि.सि.टि.भी. जडान कार्यलाई थप विस्तार गरिनेछ । आगामी आ.ब. मा वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा सि.सि.टि.भि. जडान कार्यक्रम सम्पन्न गरिनेछ ।

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

११५. गाउँपालिकाको नाममा महालेखा परिक्षकको कार्यालयले औंल्याएका विविध शिर्षकका बेरुजू नियमानुसार फछ्यौंट गर्ने कार्यलाई व्यवस्थित र प्रभावकारी बनाई बेरुजु न्यूनिकरणमा थप पहल गरिनेछ ।

११६. सेवा प्रवाहमा विद्युतिय समस्या उत्पन्न हुन नदिन वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा सोलार ब्यकअपको व्यवस्थापन गरी सेवा प्रवाहलाई चुस्त बनाइनेछ ।

११७. गाउँपालिकाको स्वीकृत संगठन संरचना बमोजिम कर्मचारीहरुको व्यवस्थापन गर्ने नीति लिइनेछ ।

११८. कर्मचारीहरुमा रहेको ज्ञान, सिप, योग्यता र क्षमताको कदर गर्दै कर्मचारीहरुसंग कार्य सम्पादन करार मार्फत नतिजाको आधारमा सकारात्मक तथा नकारात्मक दुवै उत्प्रेरणका उपायहरु अवलम्वन गरिनेछ ।

११९. सबै प्रकारका व्यक्तिगत घटना दर्ता समयमै गराउन सचेतनाका कार्यक्रम सहित आवश्यक पहल गरिनेछ ।

१२०. भविष्यमा गाउँपालिकालाई अइपर्नसक्ने आर्थिक दायित्वलाई मध्यनजर गर्दै कर्मचारी कल्याण कोषलाई मजबुत बनाउँदै लगिनेछ ।

१२१. सार्वजिनक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी तथा सहभागितामूलक बनाउँदै सेवा प्रवाहमा समान र सहज पहुँच सुनिश्चिंत गरी सुशासनको प्रत्याभूति दिइनेछ ।

१२२. गाउँपालिकालाई आवश्यक पर्ने कानूनहरुको समयानुकूल परिमार्जन तथा थप कानूनहरुको तर्जुमा गर्दै जाने नीति लिइनेछ ।

१२३. गाउँपालिकाको समग्र ऐतिहासिक, साँस्कृतिक, पर्यटकीय तथा गौरवका विषयवस्तुहरु समेटी घरपझोङ गाउँपालिकालाई चिनाउन गाउँपालिकाको छुट्टै गान तयार गरिनेछ ।

**सभाका सदस्यज्यूहरु**

जनभावनाको कदर गर्दै गाउँपालिकाको विकास र सेवा प्रवाहमा अहोरात्र खटिने जिम्मेवारी र संकल्पका साथ हामी जननिर्वाचित प्रतिनिधीहरु चालु आर्थिक बर्षको अन्त्य र नयाँ आर्थिक बर्षको प्रवेश विन्दुमा छौं । गाउँपालिकाको सर्वाङ्गीण विकासको गहन जिम्मेवारी पूरा गर्न हामी सबैको महत्वपूर्ण भूमिका रहन्छ । प्रभावकारी विकास, सेवा प्रवाह र नियमनको लागि सबैको सार्थक सकारात्मक र सृजनशील भूमिका अपरिहार्य छ । आगामी आर्थिक बर्ष २०८२।८३ का लागि तर्जुमा गरिएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनबाट गाउँपालिकाको सर्वाङ्गीण विकासमा महत्वपूर्ण योगदान पुग्नुको साथै घरपझोङवासी नागरिकहरुको सुख र समृद्धिको उत्कट ईच्छा र चाहनामा टेवा पुग्ने अपेक्षा लिएको छु । यसले **"घरपझोङको समृद्धि : कृषि पर्यटन र संस्कृति"** को हाम्रो लक्ष्यलाई साकार पार्न थप टेवा पुग्ने विश्वास लिएको छु । यस नीति तथा कार्यक्रम तयार पार्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सल्लाह तथा सुझाव प्रदान गर्नुहुने उपाध्यक्षज्यू, विषयगत

समितिका संयोजक एवं सदस्यज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभा सदस्यज्यूहरु, राजनैतिक दलहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, विभिन्न कार्यालयका कार्यालय प्रमुखहरु, नागरिक समाज, बुद्धिजिवी, सञ्चार माध्यम, विकास साझेदार संघसंस्थाहरु, राष्ट्रसेवक शिक्षक तथा कर्मचारीहरु लगायत सम्पूर्ण घरपझोङवासी नागरिकहरुमा हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछु । यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा समेत यहाँहरु सम्पूर्णको साथ र सहयोग रहनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद ।

मोहन सिंह लालचन

अध्यक्ष, घरपझोङ गाउँपालिका, मुस्ताङ ।

**कार्यसूची ७ बमोजिमको निर्णय :-**

सभाध्यक्षज्यूको अनुमतिले उपाध्यक्ष श्री जमुना थापा मगरले आगामी आर्थिक बर्ष २०८२।८३ को लागि घरपझोङ गाउँपालिकाको रु. १ करोड २० लाख आन्तरिक आय संकलन गर्ने लक्ष्य सहितको आर्थिक विधेयक, २०८२ र कुल रकम रु.३२ करोड ०६ लाख ३३ हजार १८१ को विनियोजन विधेयक, २०८२ को प्रस्ताव गाउँसभा समक्ष पेश गर्नु भयो । उक्त दुई वटै विधियेक छलफलको लागि गाउँ कार्यपालिकामा पठाईयोस् भन्ने प्रस्तावका सम्बन्धमा सभाध्यक्षज्यूबाट निर्णयार्थ पेश हुँदा सर्वसम्मतिले स्वीकृत भयो ।

**कार्यसूची ८ बमोजिमको निर्णय :-**

घरपझोङ गाउँपालिका भित्रमा गाउँटोल सफा राखे समूहलाई पुरष्कृत गर्ने कार्यसूची रहे अनुसार यस गाउँपालिका १ नं. वडा चिमाङका श्री चिमाङ आमा समूह र ५ नं. वडा ठिनीका श्री ठिनी आमा समूहलाई सभाध्यक्षज्यू, प्रमुख अतिथिज्यू र विशिष्ट अतिथिज्यूहरुबाट खादा लगाइ, प्रमाण पत्र र प्रति समूह रु.१०,०००।–नगद पुरस्कारबाट पुरस्कृत गरियो ।

**कार्यसूची ९ बमोजिमको निर्णय :-**

घरपझोङ गाउँपालिकाले तोकेको कर नियमानुसारको समय भित्र आ.ब. २०८०।८१ मा सबै भन्दा बढी कर रकम रु.२,५५,५००।- तिर्ने यस घरपझोङ गाउँपालिका २ नं. वडा निवासी श्री विष्णुराज हिराचनलाई (कारणवश निज उपस्थित हुन नसक्नु भएकोले निजको अनुरोध बमोजिम निजका प्रतिनिधि श्री सुचन लालचनले ग्रहण गर्नु भएको) सम्मान पत्र सहित दोसल्ला ओढाई सम्मान गरियो ।

**कार्यसूची १० बमोजिमको निर्णय :-**

हिमालपारीको जिल्लामा पहिलो पटक मिति २०६४।८।३ गते बाट सञ्चार क्षेत्रलाई जन्मदिनु भई मुस्ताङ जिल्लामा नै पहिलो र जेठो क वर्गको हिमालपारीको आवाज साप्ताहिक पत्रिका प्रकाशन

घरपझोङ गाउँपालिका
गाउँ सभाको सचिवालय
जोमसोम, मुस्ताङ
स्था: २०७३

गर्दै आउनु भएका र नेपाल पत्रकार महासंघ मुस्ताङ शाखाका संस्थापक अध्यक्ष समेत रहनु भई यस घरपझोङ गाउँपालिका मात्र नभई समग्र मुस्ताङ जिल्लालाई चिनाउन राजधानी दैनिक, रुप्से दैनिक, ढोरपाटन दैनिक, एभीन्युज टेलिभिजन, निश्पक्ष्य अभिमत साप्ताहिक, बागलुङ एफ.एम. लगायत विभिन्न सञ्चार क्षेत्रमा काम गरिसक्नु भएका, समग्र मुस्ताङ जिल्लाका चौतर्फि विकासको लागि पत्रकारिताको मध्यमबाट गाउँपालिकाको पर्यटन विकास, नागरिक सचेतना, सामाजिक, आर्थिक, ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक क्षेत्रको प्रचार प्रसार र लेखन कार्यमा कलम चलाउदै आउनु भएका यसै घरपझोङ गाउँपालिका वडा नं. १ निवासी अग्रज पत्रकार श्री भिम बहादुर रसाईलीलाई सम्मान पत्र सहित दोसल्ला ओढाई सम्मान गरियो ।

**कार्यसूची ११ बमोजिमको निर्णय :-**

शोक प्रस्ताव सम्बन्धी कार्यसूची बमोजिम मुस्ताङ जिल्ला, घरपझोङ गाउँपालिका वडा नं. २, मार्फामा बाबु शंख जुहारचन र आमा छिङडोमा जुहारचनको कोखबाट मिति २०१३ साल चैत्र १० गते जन्म भई विभिन्न सामाजिक सेवामा समर्पित हुनु भएका संविधान सभा सदस्य वीरेन्द्र जुहारचनको मिति २०८२ साल जेष्ठ २९ गतेका दिन ६९ बर्षको उमेरमा भएको असामयिक निधन प्रति उहाँले यस समाजलाई पुर्याउनु भएको योगदानको उच्च कदर स्वरुप उहाँप्रति हार्दिक श्रद्धासुमन व्यक्त गर्दै सभाध्यक्षज्यूबाट शोक प्रस्ताव राख्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले पारित भएको हुँदा स्वर्गिय वीरेन्द्र जुहारचन प्रति श्रद्धासुमन अर्पण गर्न १ मिनट मौन धारण गरियो ।

**कार्यसूची १२ बमोजिमको निर्णय :-**

यस घरपझोङ गाउँपालिकाको १६औं अधिवेशनको अर्को बैठकको सूचना सदस्यहरुलाई पछि जानकारी गराउने गरी सभाध्यक्षज्यूबाट कार्यसूची बमोजिम सभा समापन भएको घोषणा गर्नु भयो।

अध्यक्ष